आज मिति २०८३/०३/०९ गते मंगलवारका दिन यस धनकौल गाउँपालिका, सर्लाहीका अध्यक्ष श्री राम आश्रय साह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका पदाधिकारीहरु समेतको उपस्थितीमा विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| क.सं. | पदाधिकारीको नाम,थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री राम आश्रय साह | गा.पा.अध्यक्ष | धनकौल गाउँपालिकाको कार्यालय | |
| २ | श्री अकली सहनी | गा.पा.उपाध्यक्ष | धनकौल गाउँपालिकाको कार्यालय | |
| ३ | श्री गौरी शंकर महतो | वडा अध्यक्ष | १ नं.वडा कार्यालय,सेखौना धनकौल गा.पा. | |
| ४ | श्री राम बहादुर सहनी | वडा अध्यक्ष | २ नं.वडा कार्यालय,धनकौल प., धनकौल गा.पा. | |
| ५ | श्री अशोक कुमार यादव | वडा अध्यक्ष | ३ नं.वडा कार्यालय,हरकठवा, धनकौल गा.पा. | |
| ६ | श्री नरेन्द्र राय यादव | वडा अध्यक्ष | ४ नं.वडा कार्यालय, महिनाथपुर, धनकौल गा.पा. | |
| ७ | श्री गजेन्द्र महता | वडा अध्यक्ष | ५ नं.वडा कार्यालय,हरकठवा, धनकौल गा.पा. | |
| ८ | श्री श्यामवाबु साह | वडा अध्यक्ष | ६ नं.वडा कार्यालय, छोटौल, धनकौल गा.पा. | |
| ९ | श्री रामलखन राय | वडा अध्यक्ष | ७ नं.वडा कार्यालय,छोटौल धनकौल गा.पा. | |
| १० | श्री दिपक कुमार सिंह | कार्यपालिका सदस्य | धनकौल गाउँपालिकाको कार्यालय | |
| ११ | श्री रमेश कुमार साह | कार्यपालिका सदस्य | धनकौल गाउँपालिकाको कार्यालय | |
| १२ | श्री परेखनी देवी | कार्यपालिका सदस्य | धनकौल गाउँपालिकाको कार्यालय | परेखनी |
| १३ | श्री सुमिन्त्रा देवी | कार्यपालिका सदस्य | धनकौल गाउँपालिकाको कार्यालय | सुमित्रा |
| १४ | श्री संगीता देवी | कार्यपालिका सदस्य | धनकौल गाउँपालिकाको कार्यालय | संगिता |
| १५ | श्री बिन्दु कुमारी देवी | कार्यपालिका सदस्य | धनकौल गाउँपालिकाको कार्यालय | बिन्द |
| १६ | श्री प्रशान्त कुमार वर्मा | प्रमुख प्रशासकीय अधिकृत | धनकौल गाउँपालिकाको कार्यालय | |

Scanned with CamScanner

**प्रस्ताव तथा निर्णयहरु :-**

**प्रस्ताव नं.१.आ.व.०८३/०८४ को नीति तथा कार्यकम सम्बन्धमा ।**

**निर्णय नं.१.**उपरोक्त प्रस्ताव नं.१ माथी छलफल गर्दा अगामी आ.व.०८३/०८४ को लागीं धनकौल गाउँपालिकाका अध्यक्ष श्री राम आश्रय साहज्यूले गाउँसभामा पेश गर्ने नीति तथा कार्यकम र बजेट सर्बसम्मतरुपमा कुनै पनि संशोधन नगरी सर्मथन गदै अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२.आर्थिक ऐन २०८३ सम्बन्धमा । ।**

**निर्णय नं.२.**उपरोक्त प्रस्ताव नं.२ माथी छलफल गर्दा यस कार्यपालिका द्वरा तयार पारिएका आर्थिक ऐन २०८३ अनुमोदन गर्दै पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३. आ.व.०८३/०८४ को बजेट सम्बन्धमा । ।**

**निर्णय नं.३.**उपरोक्त प्रस्ताव नं.३ माथी छलफल गर्दा अगामी आ.व. ०८३/०८४ को मिति २०८३ अषाढ १० गते हुने गाउँसभाबाट स्वीकृतीका लागि गाउँ कार्यपालिका सदस्य श्री दिपक कुमार सिंहले पेश गरेको आ.०८३/०८४ को नीतिगत निर्णयहरु तथा बिषयगत क्षेत्रका लागि विनियोजन गरिएको बजेटमा संशोधन नगरिकन सर्मथन गदै सर्बसहमत निर्णय गरियो ।

Scanned with CamScanner

धनकौल गाउँपालिका स्तरीय

आ.ब.०८३/०८४ को गाउँसभामा स्वीकृतिका लागी पेश भएको बजेट

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
|---|---|---|---|
| १ | १५ वेडको आधारभुत अस्पताल भवनको बाँकी बक्यौता भुक्तानी | २८०४५६४७ | |
| २ | वडा नं.१ प्रकाशको घर देखि पंचलालको घर सम्म बाटो ढलान | ३००००० | |
| ३ | दुर्गा मा.वि.मा अधुरो भवन स्तरोन्नती | २०००००० | |
| ४ | दुर्गा मा.वि.को कम्पाउण्ड वाल तथा चर्पी निर्माण | १२००००० | |
| ५ | दुर्गा मा.वि.को फिल्डमा माटो पुर्ने कार्य | ५००००० | |
| ६ | दुर्गा मा.वि.को झ्यालमा ग्रिल जडान | २००००० | |
| ७ | धनकौल वजारमा जस्ताको छाना भएको घर टहरा निर्माण | ३००००० | |
| ८ | वडा नं. १ सेखौना धोविनिया र रैकल टोल जोडने बाटो स्तरोन्नती | ४०००००० | |
| ९ | वडा नं.१ मा रामईश्वरको घर देखि राम किशोरको घर सम्म बाटो ढलान | १०००००० | |
| १० | मुल बाटो देखि धनकौल गा.पा.को मुख्य प्रशासनीक भवन हुदै सो क्षेत्रमा रहेका सम्पूर्ण कार्यालय मठ र वजार जोडने बाटो निर्माण | ४७००००० | |
| ११ | वडा नं १ ब्राहमण टोलमा बाटो ढलान | १०००००० | |
| १२ | वडा नं १सेखौना पोंखरीको आँटमा छठघाट निर्माण | १४००००० | |
| १३ | धनकौल वजारमा सटर निर्माण | २५००००० | बहु वर्षिय |
| १४ | वडा नं. ७ मा पोल तार जडान | १०००००० | |
| १५ | वडा नं. २ मा ठगाको घर देखि कवड हल सम्म नाला निर्माण | १४००००० | |

परेश्वनी

सबिता आमिन्ता

Scanned with CamScanner

| क.स. | योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
|---|---|---|---|
| १६ | वडा नं. १ रामईश्वरको घर देखि स्वास्थ्य चौकी सम्म बाटो ढलान | ९००००० | |
| १७ | वडा नं. १ रंजितको घर देखि हरि श्यामको घर सम्म नाला निर्माण | ६००००० | |
| १८ | वडा नं. १जगदीशको घर देखि विष्णुको घर सम्म नाला निर्माण | ५००००० | |
| १९ | वडा नं. १ देखि ७ सम्म सिचाईको लागी बोडिङ टयुव वेल जडान | ३९००००० | |
| २० | वडा नं. २ शम्भुको घर देखि भोलाको घर सम्म बाटो ढलान | ३००००० | |
| २१ | वडा नं.६ राम पुकारको टोलमा अधुरो धर्मशाला स्तरोन्नती | ५००००० | |
| २२ | वडा नं. ६ शिव मन्दिर नजीको सा.भवन स्तरोन्नती | ५००००० | |
| २३ | वडा नं. ६ ब्रहमबावा स्थानको कम्पाउणड वाल निर्माण तथा स्तरोन्नती | ९००००० | |
| २४ | वडा नं. ६ जितेन्द्रको घर देखि शिवचन्द्रको घर सम्म बाटो ढलान | ९००००० | |
| २५ | धनकौल गाउँपालिका भित्रको बाटो स्तरोन्नती | ३०००००० | |
| २६ | वडा नं. ७ प्रणामी टोलमा सामुदायिक भवन निर्माण | १५००००० | |
| २७ | प्रणामी मन्दिरको अधुरो धर्मशाला निर्माण | ५००००० | |
| २८ | प्रणामी टोलमा रवि दासको मन्दिर स्तरोन्नती | २५०००० | |
| २९ | वडा नं.७ बद्रीको घर देखि गर्भुको घर सम्म बाटो ढलान | ९००००० | |
| ३० | वडा नं.७ महाबीर चौक देखि ट्रन्सफरमर सम्म बाटो ढलान | ८००००० | |

परस्वना

सरिता सुमित्रा

Scanned with CamScanner

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
|---|---|---|---|
| ३१ | रैकल सपहीदेवी चौक देखि साविक वडा नं. ९ सम्मको बाटो स्तरोन्नती तथा कलभर्ट निर्माण | ८००००० | |
| ३२ | वडा नं.७ राम प्रतापको घर देखि राज नारायणको घर सम्म बाटो कालोपत्रे (प्रदेश सरकारबाट) | २५००००० | समपुरक अनुदान |
| ३३ | वडा नं.७ राम प्रतापको घर देखि राज नारायणको घर सम्म बाटो कालोपत्रे (समानिकरण अनुदानमा लागत साझेदारी गर्न स्थानीय तहबाट) | २५००००० | |
| ३४ | खानेपानीको लागी समरसेल डिप बोर्डिङ जडान | ३०००००० | विशेष अनुदान |
| ३५ | वडा नं. ७ राजेन्द्र सहनीको घर अगाडी नहरमा कलभर्ट निर्माण | ७००००० | |
| ३६ | वडा नं. ६ धरीक्षणको घर देखि स्वास्थ्य चौकी सम्म बाटो ढलान | ६००००० | |
| ३७ | आधारभुत वि.वैरीयामा छात्राहरुको लागी शौचालय निर्माण | ६००००० | |
| ३८ | वडा नं. ६ रास नारायणको घर देखि तुलसीको घर सम्म बाटो ढलान | ७००००० | |
| ३९ | सामुदायिक विद्यालयहरुको लागी टुबुल कुर्सी दराज खरिद | १०००००० | |
| ४० | आधारभुत स्वा.सेवा केन्द्र छोटौलमा चर्पी मर्मत तथा पलम्विङ कार्य | १५०००० | |
| ४१ | सेखोना स्वा.चौकीमा चर्पी मर्मत | १००००० | |
| ४२ | वडा नं. ४ मुतहारा सडक तथा मुलबाटो देखि दक्षिण जाने बाटोमा माटो तथा ग्रेवल कार्य | २५००००० | |
| ४३ | कृषि बाटो मर्मत संभार | ३०००००० | |
| ४४ | वडा नं. १ देखि ७ सम्म कृषि विद्युतिकरणको लागी पोल तार र ट्रान्सफर्मर जडान | ४०००००० | वहु वर्षिय |

Scanned with CamScanner

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
|---|---|---|---|
| ४५ | वडा नं. २ पिच देखि गौरीको घर सम्म बाटो ढलान | ९००००० | |
| ४६ | वडा नं. २ मेन बाटो ढलान देखि साविक वडा नं. ७ सम्म बाटो ढलान | १०००००० | |
| ४७ | वडा नं. २ मा नाला वरीपरी बाटो मर्मत तथा ढलान | ५००००० | |
| ४८ | वडा नं.२ चमार टोलको नाला निर्माण | ५००००० | |
| ४९ | वडा नं.२ को नाला मजबुतीको लागी साईडमा पक्की ढलान | ९००००० | |
| ५० | वडा नं. ४ धर्मशालाको कम्पाउण्ड वाल तथा स्तरोन्नती | ७००००० | |
| ५१ | वडा नं. १ मा राम दयालको घर देखि गंगनदेवको बारी सम्म बाटो ढलान | ९००००० | |
| ५२ | वडा नं. १ देखि ७ सम्म विभिन्न ठाउँमा बाटोमा मर्मत तथा ग्रेवल कार्य | ३४००००० | |
| ५३ | वडा नं. ६ हनुमान मन्दिर देखि नदी सम्म बाटो ढलान | ८००००० | |
| ५४ | निर्माणा भएका सामुदायिक भवनहरुको मर्मत तथा रङरोगन | ९००००० | |
| ५५ | वडा नं. ३ शिव मन्दिरको कम्पाउण्ड वाल निर्माण | ९००००० | |
| ५६ | वडा नं. ३ पासमान टोल नजिक मनुष्मरामा छठघाट निर्माण | ८००००० | |
| ५७ | वडा नं. १ मा चैतारा निर्माण | ४००००० | |
| ५८ | वडा नं. ६ गढीमाई देखि बागमती तटबन्ध सम्म बाटो स्तरोन्नती | २४००००० | |
| ५९ | वडा नं. ६ राम पुकारको टोलमा बाटो स्तरोन्नती | ७००००० | |

Scanned with CamScanner

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
|---|---|---|---|
| ६० | वडा नं. १ को बाटो स्तरोन्नती | २८००००० | |
| ६१ | आधारभुत वि.सेखौनामा भवन स्तरोन्नती | ३३००००० | |
| ६२ | वडा नं.३ झुलुङे पुल नजिक छठ घाट निर्माण | ८००००० | |
| ६३ | वडा नं. ३ मेन रोड देखि चिरन्जीविको घर सम्म बाटो ढलान | ५००००० | |
| ६४ | वडा नं. २ मा चिनीमिल देखि नहर सम्म बाटो स्तरोन्नती | १९००००० | |
| ६५ | वडा नं. ५ राम विश्वासको फारम नजीक खानेपानीको लागी समरशेल बोडिङ जडान | ७००००० | |
| ६६ | वडा नं.२ साविक वडा नं. ९ फुलमतमाई मन्दिर निर्माण | ५००००० | |
| ६७ | वडा नं.२ साविक वडा नं. ९ ब्रहमस्थानको स्तरोन्नती | १५००००० | |
| ६८ | वडा नं.२ साविक वडा नं. ९ मा सडक ढलान | ९००००० | |
| ६९ | वडा नं.१ लक्ष्मी नारायणको टोलमा बाटो ढलान | १०००००० | |
| ७० | सेखौना शंकरको टोलमा बाटो ढलान | १०००००० | |
| ७१ | वडा नं. ६ राम पुकारको घर देखि एकारसी खोला सम्म वाटो स्तरोन्नती | २३००००० | |
| ७२ | वडा नं. ४ मेन बाटो देखि बालवल्याण प्रा.वि. जाने बाटोमा माटो ग्रेवल तथा ढलान | १०००००० | |
| ७३ | वडा नं. ५ होम पाइप तथा कच्ची नाला निर्माण | ३००००० | |
| ७४ | वडा नं. ५ सुरेन्द्रको घर देखि इनार सम्म बाटो ढलान | ३००००० | |
| ७५ | वडा नं.६ को बाटोमा माटो तथा ग्रेवल | ३३००००० | |
| ७६ | वडा नं. ५ मेन रोड देखि स्वास्थ्य संस्था सम्म ढलान | ८००००० | |

Scanned with CamScanner

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
|---|---|---|---|
| ७७ | धनकौल आधारभुत अस्पतालको लागी फर्निचर तथा फिक्चरस खरिद | ३०००००० | |
| ७८ | वडा नं. ४ मुलबाटो देखि दक्षिण जाने श्री देवको गाछी तथा बनिया टोलको बाटो ढलान | ५००००० | |
| ७९ | वडा नं. १ रामलालको घर देखि गजेन्द्र साहको खेत सम्म बाटो मर्मत तथा ग्रेवल | २३००००० | |
| ८० | वडा नं. ७ सिकिचनको घर देखि किशोरीको घर सम्म बाटो ढलान | १५००००० | |
| ८१ | गत बर्षको बाँकी बक्यौता भुक्तानी | ८४३८००० | |

परेश्वरी

सामिना

विव

संगिता

Scanned with CamScanner

# धनकौल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

धनकौल प.,सर्लाही

मधेश प्रदेश,सर्लाही

**१७औं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री राम आश्रय साहज्यू द्वारा प्रस्तुत आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम**

मितिः२०८३ असाढ १० गते, बुधबार

१७ औं गाउँ सभाको उद्घाटन सत्रका सभा अध्यक्षज्यू,

यस गाउँसभामा पाल्नु भएका प्रमुख अतिथि मधेश प्रदेश सरकारका सभासद तथा पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय श्री बिरेन्द्र प्रसाद सिंहज्यू,

विशिष्ट अतिथिज्यूहरु,

धनकौल गाउँपालिका उपाध्यक्षज्यू,

कार्यक्रममा उपस्थित वडा नम्वर १ देखि ७ सम्मका वडा अध्यक्षज्यूहरु,

कार्यपालिका सदस्यज्यूहरु,

गाउँसभा सदस्यज्यूहरु,

आमन्त्रित अतिथिगण,

प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत मातहतका विद्यालयबाट पाल्नु भएका प्रधानाध्यापकज्यूहरु, वडा कार्यालयका कार्यालय प्रमुखज्यूहरु, स्वास्थ्य संस्था प्रमुखज्यूहरु, यस गाउँपालिकाको कार्यालयमा कार्यरत विषयगत शाखा प्रमुखज्यूहरु,

धनकौल गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा कार्यरत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,

Scanned with CamScanner

संचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु लगायत यस गरिमामय सभामा उपस्थित सम्पुर्ण राजनैतिक दलका प्रतिनिधी, समाजसेवी, सहयोगी तथा साझेदार सँघ सस्थाका प्रतिनिधिज्यूहरु,समाजिक अभियन्ता तथा महानुभावहरु ।

१. लोकतन्त्रको आधारभुत मुल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई आत्मसात गर्दै धनकौल गाउँपालिकाको दीर्घकालीन सोच पूरा गर्न तर्फ प्रतिबद्ध रहि यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्दैछु । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति,जनयुद्ध,जनआन्दोलन र मधेश आन्दोलन,गत बर्षको जेन्जी आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

२. धनकौल गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरि रहँदा वर्तमान समयमा राज्यले खोजेको सुशान तथा सदाचारका मुद्दाहरु,हाम्रो भुगोल, सामाजिक पृष्ठभूमी, विकास प्रतिको धारणा र सँस्कृति, कानुनी व्यवस्था आदिका कारण जन अपेक्षा र हाम्रो आफ्नै कतिपय चाहना, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा धनकौल गाउँपालिकाका वडा समितिहरु, बिषयगत समितिहरु, वजेट तथा योजना तर्जुमा समिति, गाउँ कार्यपालिकाको परामर्श समेतको आधारमा यस गाउँपलिकाको आ.व.०८३/०८४ को नीति तथा कार्यक्रम यस सममम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

३. संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन, सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्चवृद्धि, गुण्स्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारीवृद्धि, आर्थिक सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास, शान्ती प्रकृयाको तार्किक निष्कर्ष प्रमुख नीतिगत प्राथमिकतामा राखी, वार्षिक नीति तथा कार्यक्रम एवं बजेट यिनै प्राथमिकतामा परिलक्षित रहने छन।

Scanned with CamScanner

४. हाइवे राजमार्गसँग जोडिएको पक्कि सडकका कारण कृषिको प्रचुर संभावना बोकेको यो सुन्दर गाउँको श्रोत र साधनको सुव्यवस्थित उपयोगले समाजमा समृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउने गरि नीति तथा कार्यक्रम तय गर्न गाउँसभा सफल हुने विश्वास लिएको छु ।

५. यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन २०३० सम्ममा पुरा गर्ने गरि प्रतिवद्धता जाहेर गरेका १७ वटा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने गरि कार्यक्रमहरुको तर्जुमा गरिएको गाउँसभा समक्ष अवगत गराउन चाहन्छु ।

६.यस बर्ष देखि गौरवका योजनाहरुलाई बहुवर्षीय योजना अन्तर्गत बजेटीकरण गरी ठेक्का मार्फत कार्यान्वयन गर्ने प्रकृया अगाडी बढाइनेछ ।

अब म गाउँपालिकाले लिएको विषयगत तथा क्षेत्रगतको नीतिहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**(क) शिक्षा, युवा तथा खेलकुद र व्यवसायिक तालिम**

प्राविधि मैत्री तथा विद्यालयबाट नै डाटा इन्ट्रीको लागी हरेक विद्यालयमा आ.व.को शुरुमा नै इन्टरनेट सहितको ल्यापटप र प्रिन्टर खरिद IEMIS र PAMS V2 जस्ता अनलाईन सफ्टवेयर मैत्री बनाइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ख) विद्यार्थी सँख्याको आधारमा विद्यालयमा दरवन्दी मिलान गरिनुका साथै गाउँ कार्यपालिकाबाट स्वीकृत शिक्षक व्यवस्थापन कार्यविधि २०८३ अनुसार विद्यालयको माँग र आवश्यकताको आधारमा विषयगत शिक्षक अपुग भएका विद्यालयहरुमा पढेलेखेका युवाहरुलाई रोजगारी सृजना गर्न स्वयंसेवक शिक्षकको रुपमा योग्य युवाहरुलाई कार्यविधि अनुसार छनौट गरी परिचालन गरिनेछ र यसको लागी बजेट विनियोजन गरेको छु ।

(ग) साक्षरता प्रतिशत बढाउनका लागी हरेक नागरिकलाई साक्षर बनाउनका लागी बजेटीकरण तथा संघसंस्थाको सहयोगमा साक्षरता अभियान संचालन गरिनेछ ।

(घ) हरेक विद्यालयमा कम्तीमा पनि कक्षा संचालन हुनु अगावै एक सेसन योग शिक्षा संचालनको लागी पहलकदमी लिइनेछ ।

(ङ) वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउन थप बजेटको सुनिश्चिततालाई निरन्तरता दिइनेछ र यसको लागी वजेट समेत विनियोजन गरेको छु



Scanned with CamScanner

(च) प्रत्येक सामूदायिक विद्यालयलाई पूर्वाधार मैत्री वनाउनको लागि आवश्यकता अनुसार भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ र यसको लागी आवश्यकताको आधारमा बजेट विनियोजन गरेको छु ।

(छ) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च-डेस्क, पंखा, खेल सामग्री तथा अन्य आवश्यक सामग्रीहरुको आपुर्ती कार्यलाई निरन्तरता दिइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ज) सक्षम र प्रकृया पुगेका प्राथमिक विद्यालयलाई आधारभूत, आधारभूत विद्यालयलाई माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालयलाई उच्च मा.वि.मा स्तरोन्नति गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

(झ) दिवा खाजा कार्यक्रममा देखिएको कमीकजोरीलाई अझ प्रभावकारी वनाई नियमित र पोषण मैत्री खाजा खुवाउने कार्यलाई कडाईका साथ व्यवहारमा लागु गराइने छ ।

(ञ) वालमैत्री स्थानीय शासन तथा बाल क्लब स्थापनाको लागी सहयोगी संस्थाहरुको सहकार्यमा भई रहेको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(ट) किशोर किशोरी मैत्री शिक्षाको लागि आधारभूत विद्यालयहरु सँग समन्वय, सहकार्य गरि आवश्यक व्यवस्था मिलाइनेछ ।

(ठ) विद्यालयमा वैज्ञानिक र बालबालिकाको मनोभावना र मनोसामाजिक हिसावले पठन पाठन गराउनका लागि शिक्षक-शिक्षिकाहरुलाई विषयगत विज्ञ तथा सामाजकि साझेदार संघसंस्थाहरु मार्फत तालिम दिइने कार्यलाई निरन्तरता दिइनेछ ।

(ड) सामुदायिक विद्यालयका छात्राहरुको लागि निःशुल्क स्यानीटरी प्याड नियमित रुपमा उपलव्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

(ढ) युवाहरुलाई खेलकुदमा समता मुलक पहुँच गराउन प्रदेश सरकारको सहयोगमा निर्माणाधीन रहेका कभर्ड हल, स्टेडियमको निमार्ण कार्य यसै वर्ष सम्पन्न गराई खोलकुदका लागी हस्तान्तरण गरिनेछ ।

(ण) खेलकुदलाई राष्ट्रिय पहिचान, गौरव र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्ने कार्यको लागि पालिका स्तरीय गाउँपालिका अध्यक्ष कप प्रतियोगितालाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

(त) युवाको क्षमता विकास, युवा बहुप्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्रविधिक र व्यवसायिक शिक्षा, युवामा सकारात्मक सोचको विकास गर्दै स्वयमसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई लघु उद्यम विकास कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाइनेछ ।

२. स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापनः

(क) धनकौल आधारभुत अस्पताल (१५ शैय्याको आधारभूत अस्पताल) लाई यसै वर्ष हस्तान्तरण गर्न लगाई संघीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग अनुमति र बजेट व्यवस्थापनको लागी सहकार्य गरी गाउँपालिका समेतको लगानी तथा स्वास्थ्य संस्थामा भएको स्वास्थ्यकर्मीहरु परिचालन तथा थप स्वास्थ्यकर्मी भर्ना गरी यसै बर्ष देखि नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्रवाहको थालनी गरिनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ख) स्वास्थ्य सूचना केन्द्रलाई अझ बढी प्रभावकारी बनाउन समयमै अनलाईन डाटावेस प्रतिवेदन प्रणालीलाई निरन्तरता दिइनेछ तथा हरेक स्वास्थ्य संस्थामा कार्य अवधि भरी इन्टरनेटको सुनिश्चतता गरिनेछ ।

(ग) संस्थागत सुत्केरी बढाई जोखिम पूर्ण घरमै हुने सुत्केरीलाई निरुतसाहित गर्न यस पालिकामा रहेको बर्थिङ सेन्टरहरुलाई मर्ज तथा स्ट्रेङथन गर्ने तथा औजार उपकरण र औषधीहरुको प्राप्त उपलब्धता सुनिश्चित गरी धनकौल आधारभूत अस्पताल मै २४ औं घण्टा गुण्स्तरीय र दक्ष स्वास्थ्यकर्मीहरुबाट निःशुल्क संस्थागत सुत्केरी सेवा प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

(ङ) गर्भवती महिला तथा गर्भको शिशुको समेत स्वास्थ्यलाई ध्यानमा राखी हरेक गर्भधारण गर्न इच्छुक महिलाहरुलाई निःशुल्क फोलिक एसिड तथा गर्भवती महिलाहरुको ज्यानै जान सक्ने गरी हुन सक्ने ईकलाम्पसिया- प्रिईकलाम्पसिया रोग समेतको रोकथाम गर्नका लागी प्रोटोकल्स अनुसार नियमित रुपमा निःशुल्क क्यालसियम चक्की वितरण कार्यलाई निरन्तरता दिइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(च) मातृ तथा नवशिशु मृत्यु दर कम गर्नका लागि संस्थागत गर्भवती जाँच गराउन आउने महिलाहरुलाई निःशुल्क (ANC Package) प्रयोगशाला जाँच तथा संस्थागत सुत्केरी गराउने महिलाको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रवाह कार्यक्रमलाई निरन्तरता दिन सेखौना स्वास्थ्य

चौकीमा रहेको एम्बुलेन्सलाई पूर्णरुपले गाउँपालिका कार्यालयबाट मर्मत संभार गराई निःशुल्क सुरक्षित मातृत्व सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

(छ) प्रदेश सरकार र सहयोगी संस्थाको सहयोगमा पोर्टेबल USG मेसिनको व्यवस्थापन गरी हरेक स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड सेवाको विस्तार तथा निःशुल्क सवारी साधनको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

(ज) हरेक फाल्गुन महिनामा नसर्ने रोगको स्क्रीनिङ कार्यलाई निरन्तरता दिइनेछ ।

(झ) अपाङ्गता भएका बालबालिकाहरुलाई अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र सँगको सहकार्यमा शिविरको माध्यमबाट गाउँमै निःशुल्क शल्यक्रिया तथा सहायक सामग्री वितरण गरिनेछ ।

(ञ) बहुक्षेत्रिय पोषण कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र साझेदारीको रुपमा सञ्चालन गर्न स्थानीय आवश्यकता र प्राथमिकतालाई समावेश गरी पोषण मैत्री वडा-पालिका घोषणा अभियानलाई अगाडी बढाइनेछ ।

(ट) पोषण स्क्रीनिङ्ग अभियान मार्फत पत्ता लागेका तथा स्वास्थ्य संस्थासँग भएको औजार उपकरणको प्रयोग गरी नियमित रुपमा संचालन हुने वृद्धि अनुगमन कार्यक्रमबाट पत्ता लागेका समेत दीर्घ कुपोषण भएका बालबालिकाहरुलाई **OTC** मार्फत उपचार व्यवस्थापन गरी सुपोषित वनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

(ठ) क्षयरोग कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरि क्षयरोगमुक्त गाउँ घोषणा अभियान कार्यक्रमको लागी यस वर्ष बजेट विनियोजन गरिनेछ ।

(ड) एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सुदृढ र व्यवस्थित गर्न हरेक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार कार्यलाई निरन्तरता दिइनेछ र यसको लागी वजेट समेत विनियोजन गरेको छु ।

(ण) स्वस्थ्य र फुर्तिलो जीवनका लागि स्थापना हुने आरोग्य केन्द्रबाट योग तथा व्यायाम केन्द्रको विकास गर्ने नीति अवलम्बन गरी योग प्रशीक्षण कार्यमा स्वयंसेवी युवा परिचालन गर्ने नीतिलाई निरन्तरता दिइने छ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(त) किशोर किशोरी, प्रजनन स्वास्थ्य र परिवार योजना सेवालाई अझ व्यवस्थित तरिकाले सञ्चालन गरिनेछ ।

Scanned with CamScanner

(थ) महिलाहरुको प्रजनन स्वास्थ्य तथा पाठेघरको क्यान्सर सम्बन्धी स्क्रीनिङ र पाठेघरको क्यान्सर विरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(द) निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम गाउँवासीको सुलभ र सरल पहुँचको लागी थप सुधार गर्न अत्यावश्यक औषधि तथा उपकरण अभाव हुन नदिने व्यवस्था मिलाइनेछ ।

(ध) साठ्ठी वर्ष वा सो भन्दा माथि उमेर पुगेका सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान सहित बिदाई र सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई दिइँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

(न) गाउँपालिका भित्रका हरेक जेष्ठ नागरिकहरुलाई गाउँपालिकाको सहकार्यमा बीमा सहजकर्ताहरु मार्फत स्वास्थ्य बीमा गराइने र स्वास्थ्य बीमा कार्यक्रमलाई सरलताका साथ हरेक वडामा संचालन गर्न बीमा सहजकर्ता नभएको वडाहरुमा स्वास्थ्य बीमा कार्यालयसँग सहकार्य गरी सहजकर्ता नियुक्तिको व्यवस्था मिलाइनेछ ।

(प) बालबालिकाहरुको खोप पाउने अधिकारलाई सुनिश्चित गर्न सम्पुर्ण वडा भित्रका रहेका खोप केन्द्रहरुमा भौतिक पूर्वाधार तथा सामग्रीहरु आपुर्तीको व्यवस्थापनका लागी पहल गरिनेछ ।

(फ) विभिन्न संघसंस्थाको सहयोग तथा पालिकाको आफ्नै पहलमा स्वास्थ्य शिविर, आँखा जाँच तथा उपचार शिविर, महिला प्रजनन स्वास्थ्य शिविर लगायतका अन्य शिविर संचालनलाई निरन्तरता तथा सहकार्य गरिनेछ ।

(व) पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा भए पश्चात गाउँपालिकालाई समेत पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको घोषणा गरिनेछ ।

(भ) क्यान्सर रोग लागेका, मृगौला रोग लागी डायलाइसिस गराई रहेका र स्पाइनल इन्ज्यूरी भएका दीर्घ रोगीहरुलाई निर्देशिकानुसार मासिक रु.५००० का दरले नियमित रुपमा त्रैमासिक रुपमा औषधि उपचार खर्च विरामीहरुको वैंक खाता मार्फत उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

(म) विपदमा परेका नागरिकलाई घटना स्थलमै राहत उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

संगिता सुमित्रा परेरवती

Scanned with CamScanner

(य) छिटो छरितो आगलागी नियन्त्रण गर्नका लागी गाउँ प्रहरीलाई सहयोगी संस्थाहरुमार्फत अग्नि नियन्त्रण सम्बन्धी तालिम प्रदान गरी तयारी अवस्थामा राख्ने तथा बरहथवा नगरपालिकासँग सहकार्य तथा समन्वय गरी वारुणयन्त्र सेवा उपलब्ध गराउनका लागी पहल गरिनेछ ।

(र) विपद न्यूनीकरण गर्न विपद प्रतिकार्य योजना अध्यावधिक गरिनेछ ।

३) कृषि तथा पशुपालनमा आधुनिकीकरण

<u>धनकौलको समृद्धि, उत्पादनमा बृद्धि</u>

आदरणीय यस गरिमामय गाउँसभाका सदस्यज्यूहरु,

(क) सिचाईका लागि बोरिङ्ग टयुबवेल जडान हुदै आइरहेको कार्यलाई सातवटौ वडामा यस वर्ष पनि निरन्तरता दिईनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ख) सर्वसुलभ सिचाईका लागी नहर सिचाई नपुगेको कृषि योग्य जग्गाहरुमा यस वर्ष कृषि विद्युतीकरण कार्यलाई थालनी गरी बहुवर्षीय योजना अन्तर्गत ठेक्का लगाई अगामी ३ वर्ष भित्र कृषि विद्युतीकरण कार्य सम्पन्न गरिनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ग) आफ्नो करेसाबारीमा विषादी रहित तरकारी खेतीका लागी पालिकाबाट निःशुल्क तरकारी मिनिकिट वितरण कार्यलाई निरन्तरता दिइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(घ) करेसाबारीमा तरकारी खेती तथा नगदेबालीहरुको लागि चाहिने विभिन्न सुक्ष्म तत्व तथा विषादीहरु कृषकहरुलाई निःशुल्क उपलब्ध गराइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ङ) कृषकहरुको उत्पादनलाई बजारमा बेचबिखन गर्नका लागी बजार व्यवस्थापन तथा बजार सेट निर्माण कार्यलाई क्रमशः निरन्तरता दिइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(च) पशु सेवा केन्द्रबाट निःशुल्क पशु स्वास्थ्य सेवा प्रवाह सर्वसुलभ रुपले प्रदान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

(छ) माहामारी तथा सरुवा रोग नियन्त्रणका लागि समयमै आवश्यक खोपहरुको व्यवस्था मिलाई कृषकहरुको घरदैलोमा नै खोप सेवा संचालन गरिने कार्यलाई यस वर्ष समेत निरन्तरता दिइने छ ।

Scanned with CamScanner

(ज) उन्नत जातको पशु उत्पादनका लागि कृत्रिम गर्भाधान सेवालाई गाउँ टोलमा नै प्राविधिक पठाई न्यूनतम दर रेटमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

(झ) हरेक वडामा माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(ञ) गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत थप उद्यमीहरु तयार गरिनेछ ।

(ट) लघु उद्यम विकास कार्यक्रम मार्फत वडा-वडामा आफुले सिकेको सीपबाट जीवकोपार्जन जस्ता कार्यहरु थालनी गर्नका लागि प्रोत्साहित गरिनेछ ।

४) रोजगार शिप तथा उद्यमशिलता सम्बन्धी नीति

(क) रोजगार शिप तथा उद्यमशिलताको एकिकृत सेवा प्रवाह सुनिश्चित गर्न रोजगार सेवा केन्द्रलाई रोजगार शिप तथा उद्यमशिलता केन्द्रमा रुपान्तरीथत गरि प्रभावकारी ढंगले संचालन गरिनेछ ।

(ख) उद्यमशिलता प्रवद्धनका लागी युवा उद्यमीहरुलाई सोरोजगार मुखी शिप विकास तालिम संचालन गरीनेछ ।

(ग) वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यमशिलता प्रोत्साहन गर्न युवा स्ट्राटप तथा उद्यमकोष स्थापना गरी परिचालन गरिनेछ ।

(घ) आप्रवासी कामदार तथा उनीहरुको परिवारकी अधिकार सुनिश्चत गर्न संघीय सरकार प्रदेश सरकार र वैदेशिक रोजगार वोर्ड सँगको समन्वय तथा सहकार्यमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह मानसिक स्वास्थ्य तथा मनो परामर्श सेवा वित्तिय साक्षरता र शिप अभिवृद्धि कार्यलाई निरन्तरता दिईनेछ ।

(ङ) रोजगार शिप तथा उद्यमशिलता केन्द्रमा लागत साझेदारी गरि स्वरोजगारी र उद्यमशिलता प्रवद्धन गरीनेछ र यसको लागी वजेट समेत विनियोजन गरेको छु ।

५) पूर्वाधार

१. <u>खानेपानी तथा सरसफाई</u>

(क) खानेपानीको सम्स्या देखिएका वडाहरुमा टोल पहिचान गरी समरसेल डिप बोर्डिङ जडान गरीनेछ र र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ख) शुद्ध खानेपानीका लागि निर्माणाधीन खानेपानी टंकीहरुको निर्माण कार्य समयमै छिटो छरितो कार्य सम्पन्न गराई सेवा सुचारु गर्न पहल गरिनेछ ।

(ग) स्वीकृत WASH नीति कार्यक्रम अनुरुप खानेपानी लाई निरन्तरता दिइनेछ ।

२.सडक पूर्वाधारं

(क) यस वर्ष मूल सडक जीर्ण रहेका वडा नं. ६ र ७ मा बहुवर्षीय योजना अन्तर्गत मूल सडकको पक्की ढलान वा कालोपत्रे गर्ने कार्यलाई बजेटीकरण गरि आगामी ३ वर्ष भित्र उक्त योजनाहरुलाई पूर्णता दिने गरी ठेक्का लगाउने कार्य प्रारम्भ गरिनेछ र यसको लागी वजेट समेत विनियोजन गरेको छु ।

(ख) गाउँपालिका भित्रका सम्पुर्ण मूल तथा शाखा सडकहरुलाई स्तरोन्नती गरिने कार्यलाई निरन्तरता दिइनेछ र यसको लागी बजेट समेत विनियोजन गरेको छु ।

(ग) गाउँपालिका क्षेत्र भित्रका सबै सडकहरुको निजी स्वामित्वको लागत कट्टा गरी सार्वजनिक स्वामित्व कायम गर्न पहल गरिनेछ ।

(घ) गाउँपालिका क्षेत्र भित्रका ढलान गरिएका अधुरो सडकहरुलाई निरन्तरता दिदै सोका लागी वजेट विनियोजन गरेको छु ।

३.भवन, आवास तथा अन्य पूर्वाधार निर्माण

(क) पुनर्निर्माण गर्न बाँकी रहेका तथा अधुरो सार्वजनिक भवन संरचना निर्माण कार्यलाई पूर्णता दिइनेछ ।

(ख) ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मस्जिद, मदरसा, मठ मन्दिरहरुको संरक्षण र सम्बर्धन गरिनेछ ।

(ग) हरेक वर्ग, समुदाय, जातजातीको धार्मिक आस्थासँग जोडिएको धार्मिक स्थल, देवस्थलहरुको संरक्षण तथा सम्वर्धन गरिनेछ ।

(५) वन, वातावरण तथा फोहर मैला व्यवस्थापन

(क) धनकौल गाउँपालिकाका मुख्य सडकहरु स्तरोन्नती गरी तथा उक्त सडकमा वृक्षारोपण गरी Green Zone बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

(ख) बजार क्षेत्र र सबै वस्तीहरुमा क्रमशः फोहोरमैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ ।

(ग) हरेक सरकारी विद्यालय, सरकारी कार्यालयहरुको परिसरमा हरियालीका लागी वृक्षारोपन गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

(६) संस्थागत विकास तथा सेवा प्रवाह नीति

(क) सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरी सम्बन्धित कार्यालयबाट नै सेवा प्रवाह हुने कार्यलाई निरन्तरता दिइनेछ ।

(ख) परादर्शिताका लागी हरेक कार्यक्रमको अभिलेख, सूचना लगायतका आवश्यक जानकारीहरु समेत गाउँपालिकाको वेभसाइटमा नियमित रुपमा अद्यावधिक गर्न सूचना प्राविधि शाखालाई जिम्मेवार बनाइनेछ ।

(ग) गाउँपालिकाका सम्पर्ण सूचनाहरुमा जनताको पहुँच पुर्याउन वेभसाइटलाई समयानुकूल अद्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

(७) वित्तीय व्यवस्थापन र सुशासन नीति

(क) विगतमा देखिएका जिन्सी सामानहरुको व्यवस्थापकीय समस्यालाई सुधार गर्न पाम्स लागु नभएका गाउँपालिकाको हरेक शाखा, वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु समेतमा पाम्स अनिवार्य लागु गरी गराई सम्पूर्ण समाग्रीहरुको सम्वन्धित कार्यालय दाखिला तथा खर्च निकासा गर्ने कार्यलाई व्यवस्थित बनाइने छ ।

(ख) आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिका बाट अनुमोदन भई गाउँ सभाबाट स्विकृति प्राप्त भएको कर, शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिदै लागिनेछ ।

(ग)हरेक वडामा सामाजिक सुरक्षा भत्ता, अनलाईन घटना दर्ताका लागी कम्प्युटर अपरेटर भर्ना भई हरेक वडावाट सेवा प्रवाह भई रहेकोमा यस वर्ष देखि राजश्वको सफ्टवेयर जडान गरी मालपोत, घटना दर्ता, सिफारिस लगायत अन्य शीर्षकबाट प्राप्त हुने राजश्व समेत दैनिक रुपमा



Scanned with CamScanner

अनलाईन माध्यमबाट उठाउने व्यवस्था मिलाइनेछ । साथै सफ्टवेयर जडान नभए सम्मको लागी नगदी रसिदकै प्रयोग गरि अनिवार्य राज्श्व संकलन हुने कार्यलाई निरन्तरता दिइनेछ ।

(घ) गाउँपालिकाको आर्थिक कारोवारलाई राष्ट्रिय मापदण्ड अनुरुप लेखाङ्कन पद्धतिमा राखिने र अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्न एउटा समिति गठन गरी समयमै बेरुजु फर्छ्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(ङ) स्थानीय सरकारको स्वमूल्याङ्कन गर्नका लागी नेपाल सरकारबाट जारी LGPAS प्रणाली मैत्री बनाई हरेक तोकिएको सूचक अनुरुप समयमै कार्यसम्पादन गर्नका लागी हरेक शाखालाई युजर आई.डि. र पासवर्ड उपलब्ध गराई भए गरेको कार्यको प्रगति तथा कार्य प्रगति झल्किने विश्वसनीय आधार भएको प्रमाणित प्रतिवेदन अनलाईन प्रणालीमा अपलोड गर्न शाखा प्रमुखहरुलाई जिम्मेवार वानाइनेछ ।

(च) सशर्त कार्यक्रम तर्फ प्राप्त हुने बजेट रकमबाट पारिश्रमिक भुक्तानी हुने दरबन्दी भित्र नियुक्त भएका करार सेवाका कर्मचारीहरुलाई नेपाल सरकारको तलब स्केल अनुसारको पारिश्रमिक भुक्तानी गरिनेछ ।

(छ) गाउँसभाबाट स्वीकृत ओ एन्ड एम सर्भे प्रतिवेदनको आधारमा दरबन्दी स्वीकृतीका लागी प्रदेश तथा सँघ सरकार समक्ष लेखि पठाइने छ ।

(ज) कर्मचारी कल्याण कोषको स्थापना गरि प्रचलित ऐन कानुन अनुसार व्यवस्थापन तथा कार्यान्वय गरिनेछ ।

(झ) **"समृद्धिको आधार कृषि, शिक्षा, स्वास्थ्य, मानवीय विकास र भौतिक पुर्वाधार"** नारालाई मूल नाराको रुपमा लिई दिगो विकास र सुशासनको प्रत्याभूति हुने वातावरणको सृजना गरिँदै लगिनेछ ।

**(८) न्यायिक समिति**

(क) गरिव, असहाय, पछाडी परेका व्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श सेवा तथा सहयोग उपलब्ध गराइनेछ ।

(ख) प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालनमा ल्याइनेछ ।



Scanned with CamScanner

(ग) न्यायिक समितिबाट भए गरेका निर्णय तथा मेलमिलाप भएका विवादहरु कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

(घ) न्यायिक समितिलाई न्याय निरुपन सम्बन्धि अभिमुखिकरण गराइने व्यवस्था मिलाइनेछ ।

(९) धर्म संस्कृती तथा पूजा पाठ

- समुदायका हरेक जातजातीहरुको धर्म संस्कृती संरक्षणका लागी हरेक समुदायलाई समेटने गरी बजेट विनियोजन गरेको छु ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित महानुभावहरु,

आ.व.०८२/०८३ को हाल सम्मको आय र व्यय निम्ननुसार रहेको छ ।

निशर्त चालु तर्फ रु.८ करोड ८४ लाख ८ हजार ३ विनियोजन भएकोमा हाल सम्म रु.५ करोड ३७ लाख ९६ हजार २ सय ५० खर्च भएको र बाँकी कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ । यो कुल विनियोजन रकमको ६१ प्रतिशत खर्च भुक्तानी भएको देखिन्छ ।

निशर्त पुजीगत तर्फ रु.१२ करोड ५७ लाख ३८ हजार ७ सय १० विनियोजन भएकोमा हाल सम्म रु.४ करोड ६३ लाख ७ सय ८८ खर्च भएको र बाँकी कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ । यो कुल विनियोजन रकमको ३२ प्रतिशत खर्च भुक्तानी भएको देखिन्छ ।

सशर्त चालु तर्फ रु.१२ करोड १० लाख ९५ हजार विनियोजन भएकोमा हाल सम्म रु.६ करोड ६४ लाख १४ हजार ७ सय ४४ खर्च भएको र बाँकी कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ । यो कुल विनियोजन रकमको ५५ प्रतिशत खर्च भुक्तानी भएको देखिन्छ ।

सशर्त पुजीगत तर्फ रु.७ करोड २६ लाख विनियोजन भएकोमा हाल सम्म रु.६ करोड ४५ लाख ५० हजार खर्च भएको र बाँकी कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ । यो कुल विनियोजन रकमको ८९ प्रतिशत खर्च भुक्तानी भएको देखिन्छ ।

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम क्रार्यान्वयनका लागि बजेटको बाँडफाँड र श्रोत व्यवस्थापनको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

यस धनकौल गाउँपालिकाको १७ औं गाउँसभामा आ.व. ०८३/०८४ का लागि विनियोजन हुने अनुमानित कुल बजेट रु.४२ करोड ५५ लाख ३५ हजार मध्ये नेपाल सरकारको

संगिता

सुमित्रा पंरइया

संघीय वजेटबाट समानीकरण अनुदान, सर्शत अनुदान(चालु/ पुंजीगत) र राजश्व बाँडफाँड वापत रु. ३७ करोड ४६ लाख ८७ हजार प्राप्त हुने अनुमान गरिएको छ भने मधेश प्रदेश सरकारवाट समानीकरण अनुदान, (चालु/ पुंजीगत), समपूरक, विशेष अनुदान र राजश्व बाँडफाँडबाट रु.१ करोड ५७ लाख ४८ हजार तथा धनकौल गाउँपालिकाको आन्तरिक श्रोत, गत बर्षको अल्या र राजश्व संकलनवाट रु.३ करोड ५१ लाख प्राप्त हुने अनुमान गरिएको छ ।कुल अनुमानित आय मध्ये लगभग रु.२१ करोड ७० लाख २२ हजार ८ सय ५० चालु खर्च तर्फ (५१ प्रतिशत) तथा रु.२० करोड ८५ लाख १२ हजार १ सय ५० पुंजीगत खर्च तर्फ (४९ प्रतिशत) व्यय हुने अनुमान गरेको छ ।

आर्थिक बर्ष २०८३/०८४ को अनुमानित आय व्यय विवरण

तपसिल  रु. हजारमा

| धनकौल गाउँपालिका | | | | | | | गाउँ सभामा पेश भएको मिति २०८३/०३/१० गते | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | आन्तरीक श्रोत्त(क) | राज्स्व वाडफाड बाट प्राप्त हुने रकम(ख) | वित्तिय समानिकरण अनुदान(ग) | सर्सत अनुदमा (घ) | विशेप र समपुरक अनुदान (ड) | आन्तरीक श्रृण(च) | कुल वजेट (क देखि च सम्मको जोड) | खर्च प्रस्ताव रु.हजारमा | |
| | | | | | | | | चालु | पुजिगत |
| संघ | | ९१५८७ | ८९९०० | १९३२०० | | | ३७४६८७ | १९१०९०.३७ | १८३५९६.६३ |
| प्रदेश | | ४१३७ | ६१११ | | ५५०० | | १५७४८ | ८०३१.४८ | ७७१६.५२ |
| स्थानिय तह | ३११०० | ४००० | | | | | ३५१०० | १७९०१.०० | १७१९९.०० |
| कुल जम्मा | ३११०० | ९९७२४ | ९६०११ | १९३२०० | ५५०० | | ४२५५३५ | २१७०२२.८५ | २०८५१२.१५ |

गाउँपालिकाको तर्फवाट गाउँको समग्र विकासका लागि मार्गदर्शनको रुपमा रहेको आ.व. ०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण गाउँवासी दाजुभाई, दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, वजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिका सदस्यज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु गाउँसभा सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति, कार्यक्रम तथा वजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने राजनीति दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी व्यवसायी, बुद्धिजीवि, सञ्चारकर्मीका साथै सम्पूण कर्मचारी साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। वार्षिक वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न जति महत्वपूर्ण हुन्छ, यसको कार्यान्वयन पक्ष



Scanned with CamScanner

त्यति नै धेरै महत्वपूर्ण हो। हामीले तर्जुमा गरेका नीति तथा कार्यक्रमहरु सम्पादन गर्न सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा धनकौल गाउँपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्नका लागि सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघसंस्थाहरु, गैर सरकारी संघसंस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट यसको प्रभावकारी कार्यान्वयनमा सहयोगका लागी हार्दिक अपिल गर्न चाहन्छु ।

अन्तयमा नीति तथा योजनाको सफलता कार्यान्वयनमा भर पर्ने भएकोले यसका लागि सबै गाउँसभा सदस्यज्यूहरु, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवं आम गाउँवासीको संयुक्त प्रयास आवश्यक हुन्छ । विगतमा झै आगामी समयमा समेत गाउँवासी र सबै सरोकारवालावाट सहयोग प्राप्त भैरहने आशा एवं विश्वास लिएको छु ।

धन्यवाद ।

राम आश्रय साह,
गाउँपालिका अध्यक्ष,
धनकौल गाउँपालिका।
मितिः २०८३ असाढ १० गते, बुधवार